# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस नोट**

**२०७५ चैत्र २१ गते**

### मानव अधिकारकर्मी तेजश्री थापाको निधनप्रति आयोगद्वारा दुःख व्यक्त

मानव अधिकारको क्षेत्रमा अनवरतरुपमा वकालत गर्ने तथा कलम चलाउने अधिवक्ता तथा मानव अधिकारकर्मी तेजश्री थापाको अमेरिकाको न्यूयोर्कमा मार्च २६, २०१९ का दिन ५२ वर्षको उमेरमा भएको असामयिक निधनप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ । वहाँको निधनले राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकार क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ । यस दुःखद् घडीमा आयोग शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

स्व. तेजश्री थापाले महिला हिंसा विरुद्धको संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षक भई कार्य गर्नुभएको थियो । वहाँ विगत १५ वर्षदेखि "ह्युमन राइट्स वाच" मा वरिष्ठ अनुसन्धानकर्ताको रुपमा कार्यरत हुनुहुन्थ्यो । स्व. थापाले बलात्कार जस्ता गम्भीर अपराधलाई मानवता विरुद्धको अपराधको रुपमा लिनको लागि भूमिका निर्वाह गर्नुभएको र पूर्व युगोस्लाभियाको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण तथा वोस्नीया हर्जगोभिनामा भएको सामूहिक वलात्कारको अनुसन्धानमा समेत उल्लेखनीय योगदान पुऱ्याउनु भएको थियो ।

मुरारिप्रसाद खरेल
निमित्त सचिव/निर्देशक


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org